CDSC

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# CDS and Clearing Limited

(An Undertaking of Government of Nepal)

पत्र संख्या : २०८२/८३-११

चलानी नं. : ४२६

CDSC

मिति : २०८२/०५/१७

श्री सम्पूर्ण निष्काशनकर्ता कम्पनीहरु,

श्री सम्पूर्ण शेयर रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधिहरु ।

**विषय : जानकारी गराउने सम्बन्धमा ।**

(परिपत्र नं.: ४८ /आ.व.२०८२/८३)

मिति २०७९/०८/२८ गतेको प.सं. ०७९/८० को श्री नेपाल स्टक एक्सचेन्ज लि. बाट जारी भएको परिपत्र विदितै छ । उपर्युक्त सम्बन्धमा धितोपत्र बजारमा सूचीकृत भई यस लि. मा अभौतिकीकरणका लागि दर्ता भएका संगठित संस्थाहरुले संचालक तथा पदाधिकारीहरु नियुक्त गर्दा र परिवर्तन भएको अवस्थामा यस लि. मा पत्राचार गरी सो को जानकारी गराउने गरेको । यसै सम्बन्धमा धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ (संशोधन सहित) को नियम ३८(१क) को "संगठित संस्थाको सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, कम्पनी सचिव वा संगठित संस्थाको व्यवस्थापन वा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहँदाका बखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको मितिले एक बर्षसम्म सम्बन्धित संगठित संस्था वा त्यसको सहायक कम्पनीको धितोपत्र आफ्नो वा आफ्नो परिवारको सदस्य वा अन्य कुनै व्यक्ति वा त्यस्ता व्यक्तिको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा वा अन्य व्यक्तिलाई खरिद बिक्री गर्न गराउन वा हस्तान्तरण गर्न वा लेनदेन गर्न सक्नेछैन" भन्ने व्यवस्था बमोजिम संचालक तथा पदाधिकारीहरु नियुक्त भएको जानकारीको पत्रमा सूचीकृत संगठित संस्थाहरूको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ को दफा १३ बमोजिम तथा उपर्युक्त परिपत्र बमोजिम आवश्यक पर्ने तथ्य उल्लेख गरी पदाधिकारीहरुको नियुक्ति संगै देहाय बमोजिमको जानकारी ऐ नियमको कार्यान्वयनका लागि मिति २०८२/०५/१७ गतेको निर्णयानुसार गराउनहुन जानकारी गराइन्छ ।

**देहाय :-**

नियुक्त पदाधिकारीको

१. नाम :

२. ठेगाना :

३. नागरिकता नम्बर र जिल्ला :

४. नियुक्ति मिति :

५. शेयर रोक्का गर्नु पर्ने कम्पनीको नाम र ISIN Number :

६. शेयर समूह :

७. हितग्राही खाता नम्बर :

अभौतिकीकरण तथा निक्षेप महाशाखा